म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१७ अङ्कः- ९३ २०८२ फागुन ८ गते शुक्रबार 20 February 2026, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

## काँग्रेसले सार्वजनिक गऱ्यो प्रतिज्ञापत्र

हेटौँडा : नेपाली कांग्रेसले प्रतिनिधि सभा निर्वाचन २०८२ को प्रतिज्ञापत्रको पूर्ण विवरण सार्वजनिक गरेको छ। बुधबार धनुषामा आंशिक रूप सार्वजनिक गरेको कांग्रेसले बिहिबार काठमाण्डौमा प्रश्नोत्तर कार्यक्रम पछि प्रतिज्ञापत्रको पूर्ण विवरण सार्वजनिक गरेको हो। दुई सय पृष्ठ लामो कांग्रेसको प्रतिज्ञापत्र सुशासन र भ्रष्टाचार नियन्त्रणमा केन्द्रित छ। कांग्रेसले २०४८ सालयता सार्वजनिक पद धारण गरेका सबै उच्च पदस्थ व्यक्तिहरूको सम्पत्ति छानबिन गर्ने उच्चस्तरीय न्यायिक आयोग गठन गर्ने उल्लेख गरेको छ। वार्षिक ७ प्रतिशतको आर्थिक वृद्धि, पाँच वर्षमा कम्तीमा १५ लाख रोजगारी सिर्जना, १० वर्षभित्र वार्षिक ३० लाख पर्यटक भित्र्याउने र विद्युत् उत्पादन क्षमता १५ हजार मेगावाट पुऱ्याउने लक्ष्य पनि कांग्रेसले लिएको छ। ३ वर्षमुनिका बालबालिका र ७३ वर्षमाथिका ज्येष्ठ नागरिकको निःशुल्क उपचार, क्यान्सर र मिर्गौला जस्ता गम्भीर रोगका बिरामीलाई उपचार खर्च र विपन्नलाई निःशुल्क स्वास्थ्य बिमाको ग्यारेन्टी गर्ने कांग्रेसको प्रतिज्ञापत्रमा उल्लेख छ।

### प्रतिनिधि सभा निर्वाचन-२०८२

## पर्यवेक्षणमा २७ राष्ट्रिय र ४ विदेशी संस्था

समाज संवाददाता

हेटौँडा : निर्वाचन आयोगले फागुन २१ मा हुने आसन्न प्रतिनिधीसभा सदस्य निर्वाचनका लागि ४ वटा विदेशी संस्थासहित नेपालका २७ वटा राष्ट्रिय संघ, संस्थाहरुलाई पर्यवेक्षण गर्न अनुमति दिएको छ।

आयोगले निर्वाचन पर्यवेक्षण गर्नका लागि २७ वटा राष्ट्रिय संस्थाहरुमा डेमोक्रेसी सिसोर्स सेन्टर, उन्नत नेपाल, युवालय, सुशासन महासंघ नेपाल, सञ्चारिका समूह नेपाल, समृद्ध आधार नेपाल, महिला कानुन र विकास मञ्च, राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक), सामूहिक अभियानलाई पर्यवेक्षणको अनुमति दिएको छ। यस्तै नेपाल मानव अधिकार संगठन, युवा वकालत नेपाल निर्वाचन पर्यवेक्षण समिति नेपाल, गैरसरकारी सँस्था महासंघ नेपाल, संघीय बहसमा युवा, लोकतन्त्र तथा निर्वाचन सरोकार नेपाल, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), सामाजिक परिचालन तथा चेतना अभिवृद्धि समूह नेपाल, नेपाल मतदाता अधिकार मञ्च, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, मानव अधिकार तथा सामाजिक रुपान्तरण अभियान नेपाललाई पनि पर्यवेक्षणको अनुमति दिएको छ।

निर्वाचन आयोगबाट इन्टरनेशनल युएन एच आर काउन्सिल नेपाल, राष्ट्रिय व्यावसायिक पहल, बागेश्वरी असल शासन क्लब, महिला सेवा संस्था, कानुनी न्यायिक अध्ययन प्रतिष्ठान, विश्व उपभोक्ता महासंघ, र प्राज्ञिक विद्यार्थी परिषद् नेपाललाई पर्यवेक्षणको अनुमति पाएको छ। यस्तै ४ वटा विदेशी संस्थाहरुमा द कार्टर सेन्टर, एटलान्टा, संयुक्त राज्य अमेरिका, एसियन नेटवर्क फर फ्रि इलेक्सन (एएनएफआर इएल), द मल्टिडिसिप्लेनरी इन्टिच्युट अफ ट्रेनिङ एण्ड लर्निङ, मासाचुसेट्स र इन्टरनेशनल रिपब्लिकन इन्सटिच्युटलाई अन्तर्राष्ट्रिय पर्यवेक्षक संस्थाको रुपमा मान्यता दिएको छ।

पर्यवेक्षक संघ संस्थाहरु तोकिएपनि कुन जिल्लाका मतदान केन्द्रहरुका लागि कुन संस्थालाई पर्यवेक्षणको जिम्मा दिने भन्ने निर्वाचन आयोगले हालसम्म टुङ्गो लगाएको छैन। पर्यवेक्षक संस्था र व्यक्तिबारे निर्वाचनको केही दिनअघि मात्र निर्वाचन कार्यालयहरुलाई जानकारी पठाउने प्रदेश निर्वाचन कार्यालय हेटौंडाका प्रमुख निर्वाचन अधिकारी हरिप्रसाद ढकालले जानकारी दिनुभयो। गत कात्तिक ११ गतेको आयोगको निर्णयानुसार निर्वाचन पर्यवेक्षण निर्देशिका-२०७९ अनुसार आयोगले निर्वाचन पर्यवेक्षण संस्थाहरुलाई निवेदन आव्हान गरेको थियो। जसमा ४४ वटा राष्ट्रिय र ५ वटा अन्तर्राष्ट्रिय संस्थाहरुबाट निवेदन परेको निर्वाचन आयोगले जानकारी दिएको थियो।

### खानेपानी मुहानमा ट्याङ्की बनाइँदै

## राइटोलका १५० घरधुरी लाभान्वित हुने



खानेपानीको मुहानमै ट्याङ्की निर्माण गरिँदै।

समाज संवाददाता

हेटौँडा : हेटौँडा-५, राईटोलमा खानेपानी मुहान व्यवस्थापन तथा पानी ट्याङ्की निर्माण कार्य सुरु भएको छ। बागमती प्रदेश सरकारको बजेटमा बिहिबारदेखि ट्याङ्की निर्माणको कार्य सुरु गरिएको हो।

बागमती प्रदेश सरकारले १० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। आयोजनाको निर्माण कार्य स्थानीय उपभोक्ता समितिमार्फत भइरहेको हेटौँडा-५ का वडाध्यक्ष सुशील घिमिरेले जानकारी दिनुभयो। वडाध्यक्ष घिमिरेका अनुसार आगामी एक हप्ताभित्र निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

खानेपानीको मुहानलाई व्यवस्थित र नयाँ ट्याङ्की निर्माण भएपछि राईटोलका १ सय ५० घरधुरी प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन्। पानी भण्डारणका लागि निर्माण हुन लागेको ट्याङ्कीको क्षमता ५० हजार लिटर रहेको वडाध्यक्ष घिमिरेले बताउनुभयो। लामो समयदेखि खानेपानीको उचित व्यवस्थापनको पर्खाइमा रहेका स्थानीयहरू आयोजना सुरु भएपछि उत्साहित भएका छन्।

### साना किसान सहकारीहरुको अवलोकन

## सहकारीमार्फत रोजगारी सिर्जनादेखि उत्पादन बढाइँदै



चितवन जिल्लाको राप्ती नगरपालिका-१ स्थित साना किसान कृषि सहकारीले ६० बिगाहा जग्गामा प्रविधि प्रयोग गरी धान रोपाइ गर्नका लागि तयार पारेको धानको व्याड अवलोकन गर्दै।

समाज संवाददाता

हेटौँडा : नेपाल कृषि सहकारी केन्द्रिय संघले सरकारी संयन्त्रसहित मकवानपुर र चितवन जिल्लाका साना किसान कृषि सहकारी संस्थाहरुको अवलोकन गरेको छ। कृषि सहकारीको समस्या तथा उपलब्धीलाई अध्ययन अनुगमन गर्नका लागि संघले बुधबारदेखि २ दिने कार्यक्रम अन्तर्गत अवलोकन भ्रमण गरेका हो।

अवलोकन भ्रमणमा नेपाल कृषि सहकारी संघका अध्यक्ष एकराज उप्रेतीसहित संघीय सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव मदन भुजेल, सहकारी विभागका उपरजिष्ट्रार शशी लम्साल समेतको सहभागिता रहेको थियो। भ्रमणका सिलसिलामा मकवानपुरको बसामाडी साना किसान कृषि सहकारी संस्थाले कृषि सहकारीको महत्व, समस्याहरु तथा हालसम्मको उपलब्धिहरु बारे सैद्धान्तिक प्रस्तुतीकरण गरेको थियो। यसपछि टोलीले मनहरी गाँउपालिकास्थित मनहरी साना किसान कृषि सहकारी संस्थाले गर्दै आएको एकीकृत दुध उत्पादन र धान उत्पादनबारे अनुगमन भ्रमण गरिएको थियो। सो कृषि सहकारी संस्थाले दैनिक ५५ सय लिटर दुध उत्पादन गरी दैनिक ४ लाख रुपैयाँको दुध बिक्रि गर्ने गरेको पाइएको संघका अध्यक्ष एकराज उप्रेतीले जानकारी दिनुभयो।

यस्तै बुधबार नै टोलीले चितवन जिल्लाका तीनवटा साना किसान सहकारी संस्थाका क्रियाकलापहरु अवलोकन गरेको थियो। चितवनको राप्ती नगरपालिका-१ स्थित पिप्ले साना किसान कृषि सहकारी संस्थाले स्थानीय आफ्ना सदस्यहरुलाई संस्थामार्फत नै उन्नत तोरीको बीउ बिक्री वितरण गरी कृषकहरुद्वारा उत्पादन गरिसकेपछि संस्थाले नै खरिद गरी बजारमूल्यभन्दा सस्तोमा सदस्यहरुलाई तेल बिक्रि गर्ने गरेको पाइएको अध्यक्ष उप्रेतीले बताउनुभयो।

यस्तै चितवनकै वीरेन्द्रनगर साना किसान कृषि सहकारीले ४ बिगाहा खेतमा धान उत्पादन गर्दै आएकोमा १ बिगाहामा भने धानको मूल बीउ उत्पादन गरेको छ। यस्तै चितवनको पठार महिला साना किसान कृषि सहकारीले भने ६० बिगाहा खेतमा सामूहिक रुपमा धानको मूल बीउ उत्पादन तथा प्याकिङको उद्योग समेत सञ्चालन गरेको पाइएको अध्यक्ष उप्रेतीले जानकारी दिनुभयो। युवाहरु बिदेशिने क्रमपछि जग्गा बाँझो नराख्ने उद्देश्यले कार्यक्रम अघि बढाएको उहाँले बताउनुभयो। अवलोकन भ्रमणका क्रममा महिला सहकारी संस्थाले आधुनिक किसिमले मेसिनबाट धान रोप्ने तयारीका लागि ट्रेमा धानको बीउ उत्पादन गरेको छ। सहकारीको यो प्रविधि नेपालको परिवेशमा असाधारण र आधुनिक रहेको अवलोकन टोलीले महसुस गरेको जनाएको छ।

बिहिबारसम्म अन्य साना किसान कृषि सहकारी संस्थाको अवलोकन भ्रमण गर्नुको उद्देश्य सरकारले सबै सहकारीलाई एकै सोच्ने गरेकोले कृषि सहकारीको फरकपना बारे सरकारी संयन्त्रलाई प्रत्यक्ष अवलोकन गराउनु रहेको अध्यक्ष उप्रेतीले जानकारी दिनुभयो। यि अवलोकन भ्रमणले कृषि सहकारीको भूमिका तथा यथार्य अन्य सहकारी संस्थाको भन्दा फरक रहेकोले भविष्यमा नेपाल सरकारले यथार्थलाई बुझेर कृषि तथा साना किसान सहकारीबारे फरक नीति निर्धारण गर्ने अपेक्षा समेत उहाँले गर्नुभएको छ।



# सम्पादकीय

## साहित्य, समाज र सम्मान

साहित्यमा मकवानपुर उर्वर जिल्ला हो । झण्डै एक दर्जन साहित्यिक संस्थाको सक्रियतामा ज्येष्ठ, वयस्क, युवा, किशोर र नवपुस्तामा सहित्यको महत्वपूर्ण चेत छ । साहित्य रचनामा निरन्तर क्रियाशीलता पनि छ । साहित्य सीमित व्यक्तिको अभ्यासको विषय भए पनि यसले आम समुदायमा महत्वपूर्ण प्रभाव, दवाव सिर्जना गरिरहेको हुन्छ । सामान्यतः भाषिक अभ्यासलाई साहित्यको रुपमा बुझ्ने गरिन्छ । साहित्यका विविध विधा छन् । साहित्यका विविध विधा कविता, कथा, निबन्ध, जीवनी, नाटक, मुक्तक, हाइकु, नियात्रा अनेक छन् । साहित्यमा निजी कुरा, निश्चित वर्ग वा समूहका कुरा र सिंगो समाज, देश, महादेश र संसारकै कुरा पनि समेटिन्छ । साहित्यका माध्यमबाट मानिस र समाजको सिधै मनमा प्रवेश गर्न सकिन्छ । कुनै एउटा वाक्यांशबाटै कोही चर्चित हुन्छन् भने सबैलाई त्यस्तो अवसर नरहन पनि सक्छ ।

मंगलबार र बुधबार मकवानपुरको बकैया गाउँपालिकामा झरना साहित्यिक परिवार मकवानपुरले २ दिन झरना साहित्य महोत्सवको आयोजना गऱ्यो । झरनाले हरेक वर्ष साहित्य महोत्सव गर्ने गर्छ । मकवानपुरको पूर्वी क्षेत्र बकैया साहित्यमा उर्वर भूमि हो । विद्यालय शिक्षामै शिक्षकदेखि विद्यार्थी र अभिभावक समेत साहित्य सिर्जनामा अभ्यस्त छन् । सबैको सक्रियताबाट केही सीमित संख्यामा त्यस्ता साहित्यकार छन् जसलाई जिल्ला, प्रदेश र सिंगो देशले नै चिन्छ । अझ आजको सूचना प्रविधिको युगमा बकैयाका हस्ताक्षरहरु संसारले पछिरहेका छन् । बकैयाको साहित्यमा स्थानीय सरकारको पनि उल्लेखनीय भूमिका छ । स्थानीय सरकारको साथ, सहयोग र सहकार्यमै साहित्यले फुल्ने, फल्ने अवसर पाइरहेको छ । बकैयाका साहित्यकारले स्थानीय सरकारलाई साहित्य बुझाएको छ । स्थानीय सरकारले बकैयाको साहित्य बुझेको छ ।

एकजना शिक्षक रमेशमोहन अधिकारीको सपनाले आज बकैयालाई साहित्यले ढपक्कै छोपेको छ । बकैया र साहित्य पर्याय जत्तिकै छ । मंगलबार र बुधबार दुई दिन बकैया-४ स्थित महेन्द्र माध्यमिक विद्यालय परिसरमा बकैया साहित्य महोत्सव सम्पन्न भयो । महोत्सवको अवसरमा साहित्य सिर्जना, प्रस्तुती र सम्मानका विशेष कार्यक्रमहरु भए । देशभरका ज्येष्ठ साहित्यकारदेखि बकैयाकै उदीयमान साहित्यकारलाई सम्मान गर्दै बकैया साहित्य महोत्सव सम्पन्न भएको छ । बकैया साहित्य महोत्सव आयोजना भइरहँदा जिल्लाको साहित्य २ दिन बकैयामै पुग्छ । यत्ति महत्वपूर्ण कार्यक्रम भइरहँदा बकैया र मकवानपुरको साहित्यले यो समाजलाई हरेक वर्ष के सिकाइरहेको छ ? के बुझाइरहेको छ ? भन्ने सन्दर्भमा पनि समीक्षा जरुरी छ । साहित्य रचना, प्रस्तुती, सम्मान मात्रै पर्याप्त होइन । साहित्यले समाजलाई मार्गदर्शन गर्ने, गलत बाटाहरुलाई औँल्याएर असल बाटोमा समाजलाई अग्रसर हुन प्रेरित गर्नु जरुरी छ । जुन पछिल्लो समय मकवानपुरको साहित्यमा देखिँदैन ।

समाजलाई प्रश्न गर्ने, जवाफदेहिता खोज्ने साहित्यलाई प्रश्न गर्ने समूहको कमि देखिन्छ । यस्तोमा साहित्य आफैंले आफैंतर्फ प्रश्न गर्ने प्रयास गर्नुपर्छ । आफू र आफ्नो समाजलाई प्रश्न गरेर आफ्नो र समाजको सही मार्ग पहिल्याउने साहित्य जरुरी छ । कतिपय अवस्थामा साहित्य सचेतक नभई अचेतक जस्तो छ । समाजलाई मार्गनिर्देश गर्नुपर्ने साहित्य स्वयम् मार्ग पहिल्याउन असफल भएको पो हो कि भन्ने भान हुन्छ । तसर्थ झरना साहित्यिक परिवार मकवानपुरले आफ्नो वार्षिक कार्यक्रमलाई भव्यताका साथ सम्पन्न गरिरहँदा साहित्यको वास्तविक अभ्यासको पक्षमा पनि ध्यान दिनु जरुरी छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : आफन्त र मित्रजनसँग उठबस गर्ने समय योग छ ।
**वृष** : मौन रहँदा विजय र सुख प्राप्त होला ।
**मिथुन** : कला र साहित्यमा मन जाने समय योग छ ।
**कर्कट** : पराक्रम र प्रतिष्ठामा वृद्धि हुने समय छ ।
**सिंह** : काम देखाएर उपलब्धि हात पर्ने समय छ ।
**कन्या** : प्रतिष्ठा र आय बढ्ने समय योग रहेको छ ।
**तुला** : भेटघाटमा सरिक भइने समय योग रहेको
**वृश्चिक** : धार्मिक कृत्यका काममा मान जाने योग छ ।
**धनु** : कर्मसिद्धिको समय योग रहेको देखिन्छ ।
**मकर** : आत्मविश्वास र शिघ्र निर्णय गर्ने क्षमताको वृद्धि होला ।
**कुम्भ** : पारिवारीक सम्बन्धले चिन्तित बनाउने योग छ ।
**मीन** : काममा सतर्कता अपनाउँदा राम्रो रहने छ ।

# राष्ट्र, चेतना र अस्तित्व




राष्ट्र केवल शासन प्रणालीले मात्र जीवित हुँदैन । न त राष्ट्र कुनै संविधानको अक्षर, कुनै संस्थाको भवन वा कुनै सत्ताको औपचारिक संरचनामा सीमित हुन्छ । राष्ट्र त साझा स्मृतिले बाँच्दछ, साझा पीडाले परिपक्व हुन्छ, साझा चेतनाले दिशा पाउँछ र साझा उत्तरदायित्वले सुरक्षित रहन्छ । त्यसैले होला हाम्रो वैदिक सनातन चिन्तनले राज्यलाई 'सहजीवनको धर्म'को रूपमा विवेचित गरेको छ ।

जहाँ शासक, जनता, भूगोल, संस्कृति, इतिहास, प्रणाली, विधिर चेतना एकअर्कामा गाँसिएर मात्र राष्ट्रको आत्मा जीवित रहन्छ । यही कारण राष्ट्रनिर्माण कुनै एक व्यक्ति, एक सरकार वा एक पुस्ताको काम होइन। यो त निरन्तर पुस्तागत उत्तरदायित्व हो । हरेक नागरिकको साझा अभिभारा हो ।

नागरिकको चेतनामा राष्ट्रको साझा बोध र जिम्मेवारी रोप्नु राष्ट्र निर्माणको सार हो । मानव विकासशास्त्रको इतिहासले पनि कुनै पनि समाज/राष्ट्र वा देशको पहिचान त्यो राष्ट्रको नागरिकको चेतनाको एकीकृत फलनले निर्धारण गर्ने विषय स्थापित गर को छ । अर्थात् पाश्चात्य दार्शनिक प्लेटोको भने जस्तै; 'कुनै पनि राज्य रुख वा चट्टानबाट बन्दैन, बरु त्यो त्यहाँ बसोबास गर्ने मानिसको चरित्रबाट बन्दछ ।'

अतः व्यवहारमा राष्ट्रप्रतिको निष्ठा, विचारमा स्वाधीनता, चरीत्रमा इमानदारीता र कर्ममा उत्तरदायित्व स्थापित भए देश निर्माण सम्भव हुन्छ । सत्य यही हो र सबैले यसलाई गहिरोसँग बुझ्न अब ढिला भइसकेको छ ।

**विश्व भूराजनीति : अस्थिरताको आँधीमा साना राष्ट्र**

आजको विश्व गहिरो भूराजनीतिक संक्रमणमा छ । दोस्रो विश्वयुद्धपछिको शक्तिसन्तुलन क्रमशः भत्किँदै गएको छ । रुस-युक्रेन युद्ध, मध्यपूर्वको निरन्तर द्वन्द्व, अमेरिकी प्रभाव क्षेत्रका टकरावहरू यी सबै केवल क्षेत्रीय घटना मात्र सिमित देखिन्नन् । बरु, विश्व शक्ति पुनर्संरचनाका संकेतका रुपमा देखिँदैछन् । दुर्भाग्यवश, विश्वका प्रायः सबै युद्धभूमिमा नेपालीको रगत बगिरहँदा हामी आफ्नै भूमिमा राष्ट्रबोधको गम्भीर संकट झेलिरहेका छौं ।

इतिहास साक्षी छ; नेपाली सधैं विश्वशान्तिका लागि लडेका छन् । प्रथम, दोस्रो विश्वयुद्धदेखि रुस-युक्रेन युद्धसम्म हजारौं नेपालीजनले रगत-पसिना बगाए । गोर्खा सैनिकको साहस बेलायतदेखि सिङ्गापुर, अरबदेखि युरोप, भारतदेखि मध्यपूर्वसम्म इतिहासमा अंकित छ । तर आज प्रश्न उठ्छ; जब हामी अरूका युद्ध लडिरहेका छौं, के हामी आफ्नै राष्ट्र-चेतनालाई जोगाउन सफल भएका छौं त ?

विश्व भूराजनीतिक क्षितिजमा पछिल्ला वर्षहरुमा बंगलादेश, श्रीलंका, म्यानमार, प्यालेष्टाइन, युक्रेनदेखि भेनेजुएलासम्म देखापरेका राजनीतिक, आर्थिक, वातावरणीय तथा सामाजिक संकटहरूले एउटा कठोर तर निर्विवाद सत्य उजागर गरेका छन् । त्यो हो; जब अल्पविकसित र कमजोर क्षमता भएका राष्ट्रहरु आन्तरिक रुपमा खण्डित हुन्छन् तब उनीहरु बाह्य शक्ति, स्वार्थ र प्रभावको प्रयोगशाला बन्न धेरै समय लाग्दैन ।

क्षेत्रीय स्थिरताको आधार मानिएको सार्क क्षेत्रकै अधिकांश मुलुकहरू निरन्तर अस्थिरताको चक्रमा फसिरहनु र विश्व भूराजनीतिका दुई प्रमुख शक्तिकेन्द्रबीच "दुई ढुङ्गाबीचको तरुल" जस्तो संवेदनशील भूबनोटभित्र हाम्रो देश रहनु स्वयंले नै अब हामीलाई आत्ममुग्धताबाट बाहिर निस्केर गहिरो, इमानदार, सत्य आधारित र राष्ट्रियहित केन्द्रित आत्मसमीक्षा गर्न बाध्य पारिरहेको छ । नेपालजस्तो संवेदनशील भूराजनीतिक अवस्थाको देशका लागि यो चेतावनी झनै गम्भीर छ ।

राष्ट्रको आत्मरक्षा दर्शन यस्तो गम्भीर, तरल र निरन्तर अस्थिर बन्दै गएको विश्व भूराजनीतिक परिवेशमा नेपालजस्तो सानो तर अत्यन्त संवेदनशील राष्ट्रको दीर्घकालीन अस्तित्व कुनै तात्कालीक नारा, आयातित वैचारिक प्रयोग वा क्षणिक भावनात्मक उन्मादबाट सुरक्षित हुन सक्दैन भन्ने सत्य अब बहसको विषय रहेन । यो एक निर्विवाद ऐतिहासिक निष्कर्षका रुपमा स्थापित भइसकेको छ ।

यस्तो अवस्थामा राष्ट्रको संरक्षण र भविष्यको सुनिश्चितताका लागि सबै नेपालीजनले क्षणिक राजनीतिक आग्रहभन्दा माथि उठेर दीर्घकालीन राज्यदर्शनको अवलम्बन गर्नैपर्ने निर्णायक घडी आइपुगेको अवस्था हाम्रासामु छ ।

राष्ट्रको आत्मबोधबाट निर्देशित, इतिहासद्वारा परीक्षित र यथार्थका कठोर पाठहरूले प्रमाणित स्पष्ट मार्गको पहिचान गरी त्यसै मार्गमा दृढतापूर्वक अघि बढ्नु अब विकल्पको प्रश्न होइन । यो हाम्रो विकल्पहीन धरातलीय बाध्यता हो ।

विचारधारात्मक आग्रह वा राजनीतिक पूर्वाग्रह जुनसुकै कोणबाट व्याख्या-विश्लेषण गरिए पनि राष्ट्रको अस्तित्व, स्वाधीनता र सन्तुलनका लागि अब राष्ट्र निर्माता पृथ्वीनाराण शाहले कोरेको मार्गमा हामी हिँड्नै पर्छ ।

यहाँ स्पष्ट बुझ्नुपर्ने कुरा के हो भने, पृथ्वीपथ कुनै राजनीतिक वाद होइन । यो कुनै दलगत विचारधारा पनि होइन । न त कुनै शासन प्रणालीको सैद्धान्तिक बहस यसका विषय हुन् । बरु यसले कोरेको दृष्टि नेपाल राष्ट्रको आत्मरक्षा कवच/दर्शनको रुपमा देखिएको छ । स्वाधीनता, सन्तुलित/असंलग्न तर विवेकपूर्ण कूटनीति, आन्तरिक एकता, माटो आधारित अर्थतन्त्र, सामाजिक चरीत्रमा इमानदारीता र आत्मनिर्भर राष्ट्रिय चेतनाको समग्र दृष्टि यसका मार्गनिर्देशक सिद्धान्त हुन् ।

खासमा "दुई ढुंगाबीचको तरुल" भन्ने पृथ्वीनारायण शाहको उपमा कुनै भावुक चेतावनी वा कमजोर मनोबिम्ब थिएन । बरु, त्यो त समयभन्दा धेरै अगाडि गरिएको भूराजनीतिक यथार्थको गहिरो, वैज्ञानिक र रणनीतिक विश्लेषण थियो भनेर पुनः पुष्टि हुँदै गएको छ ।

पृथ्वीनारायण शाहले कोरेको मार्गलाई क्षणिक राजनीतिक उत्तेजनाको चस्माबाट हेर्नु विचारको दरिद्रतामात्र होइन, त्यो इतिहास माथिको सरलीकृत हिंसा पनि हो । किनकी, यसको धरातल कल्पित घोषणापत्रमा होइन, सभ्यताको दीर्घ स्मृतिबाट उदाएको राष्ट्रिय आत्मबोधको निनादमा भेटिन्छ । यसलाई संकुचित वैचारिक खेमामा थुन्न खोज्नु भनेको हामीले आफ्नै आत्मचेतनालाई आरोपित व्याख्याको कारागारमा बन्द गर्नु सरह हो ।

उहाँले कोरेको मार्ग सत्ता-संरक्षणको आग्रह होइन, राष्ट्र संरक्षणको अन्तर्दाह भेटिन्छ । त्यसैले, पृथ्वीनारायण शाह कुनै दल विशेष वा विचारवादका राजा होइनन्, उनी सम्पूर्ण देश निर्माणका ऐतिहासिक नेतृत्वकर्ता हुन् । देशलाई साझा फूलबारी ठान्ने उहाँले कोरेको मार्गको अनुसरण गर्नु अपराध होइन, बरु हरेक नेपालीले इतिहासप्रति देखाउनुपर्ने विवेक, राष्ट्रप्रति व्यक्त गरिने उत्तरदायित्व र भावी पुस्ताप्रति गरिने जिम्मेवार संकल्प हो भनेर हामीले बुझ्नुपर्छ ।

वर्तमान नेपालको राजनीतिक अवस्थालाई नियाल्दा देश नियमित र सुरक्षित अवस्थामा छ भन्न सकिने अवस्था छैन । भाद्र २३ र २४ पछि उत्पन्न संकट अझ इतिहासमा अविश्वसनीय र चिन्ताजनक छ ।

पटक-पटक खण्डित जनादेश, अस्थिर सरकार, कमजोर संस्थागत क्षमता र नागरिकमा बढ्दो निराशाले राष्ट्रको आधारभूत संरचना नै हल्लाइरहेको छ । यस्तो अवस्थामा इतिहाससँग संवाद नगरी, राष्ट्रको आत्मासँग पुनः संवाद नगरी केवल तात्कालिक राजनीतिक गणनाबाट भविष्य सुरक्षित हुन्छ भन्ने सोचियो भने त्यो भ्रम झन् घातक हुनेछ । यस्तो संवेदनशील घडीमा पृथ्वीनारायण शाहको राष्ट्रिय एकताको भावलाई इन्कार गर्ने छुट अब हामीलाई छैन ।

यही मार्गको अनुसरणले हामीसँग अंग्रेजलाई परास्त गरेको इतिहास छ । साम्राज्यवादी युगमा पनि स्वाधीनता जोगाएको गौरवगाथा छ । हामीले कसरी यो देशको अस्तित्व र हाम्रो पहिचान जोगाएको थियौं ? एकछिन सोचौं त ! उनीहरूसँग तोप थियो, आधुनिक हतियार थिए तर हामीसँग खोला थुनेर भए पनि शत्रु परास्त गर्ने अदम्य साहस थियो ।

हाम्रो हतियार कहिल्यै आधुनिक बन्दुक वा हतियार थिएन । हाम्रो शक्ति नै आपसी विश्वास, एकता र स्वाभिमान थियो । त्यसैलेः आज नेपाललाई परदेशी सोचले होइन, स्वदेशी चेतनाले हेर्ने समय आएको छ । इतिहासबाट मार्गदर्शन लिएर भविष्य सुरक्षित गर्नु नै बुद्धिमता हो भनेर बुझ्नुपर्छ ।

हिंसा होइन चेतना : राष्ट्र निर्माणको मूल प्रश्न गत भाद्र २३ र २४ पछि देशको अवस्था झन् गहिरो जर्जरतामा धकेलिएको छ । जेन-जेड पुस्ताको शान्तिपूर्ण आन्दोलन भनिए तापनि त्यसपश्चातका विकसित घटनाक्रम र राष्ट्रिय परिस्थितिले हामी सबैको सामु एउटा असहज तर अनिवार्य प्रश्न उभ्याएको छ; हामी वास्तवमै कुन दिशातर्फ अग्रसर हुँदैछौं ? चेतनाको पुनर्जागरण भनिएको युवापुस्ताको आन्दोलनमा समेत आगजनी, लुटपाट र राज्यका आधारभूत संस्थामाथि प्रहार गरिन्छ भने त्यो जागरण होइन; त्यो राष्ट्रको आत्मामाथि गरिएको आघात हो । यो कटु सत्य हो, जसलाई आँखा चिम्लेर बेवास्ता गर्न सकिंदैन ।

एक नेपालीले अर्को नेपालीको घर वा सार्वजनिक सम्पत्तिमा आगो लगाउँदा कुनै क्रान्ति जन्मिँदैन । अदालत, संसद, विद्यालय वा अस्पताल जस्ता सभ्यताको स्तम्भहरू ध्वस्त पारेर राष्ट्र निर्माण भएको इतिहास विश्वमा पनि कहीँ छैन ।

हिंसा र विनाशले क्षणिक उन्माद सिर्जना गर्न सक्छ, तर दीर्घकालमा केवल अविश्वास, भय र विखण्डनको बीउ मात्र रोप्छ । अतः यी समस्याहरू हाम्रा आन्तरिक समस्याहरू हुन् र यसको समाधान पनि आन्तरिकै हुनुपर्छ ।

उत्तर अब कुनै एउटा पक्षको आवेग, प्रतिशोध वा उत्तेजनामा होइन, सामूहिकतामा खोजिनुपर्छ । सर्वोच्च अदालत, सिंहदरबार, कारागार वा निजी संरचनासँग नेपालीले के व्यक्तिगत वैर राख्थे र ती निसानामा परे ? एकछिन गम्भीर भएर विचार गरौं त ।

राष्ट्रको भविष्य निर्धारण गर्ने युवापुस्ता त्यसमा पनि विद्यार्थी नै यस्तो क्रियाकलापमा संलग्न हुन्छन् भने त्यो केवल आन्दोलनको स्वरूपमात्र नभई हाम्रो शिक्षा प्रणाली, सामाजिक संस्कार र समाजको चेतमाथि गम्भीर प्रश्नचिह्न उभ्याउने विषय होइन र ?

देश निर्माणको आधारस्तम्भको रूपमा रहने युवापुस्ता नै पुनर्निर्माण छोडेर आगो समात्छ तिर लाग्छ भने यो हाम्रो शिक्षा प्रणाली र समाजमा गहिरो विकृति प्रवेश गरिसकेको स्पष्ट संकेत हो । हामीलाई आगो बाल्न सिकाउने शिक्षा होइन, राष्ट्र निर्माणको विवेक र चेतना आवश्यक छ । किनकि अन्ततः राष्ट्रहरू नाराले होइन, चेतनाले बाँच्छन् र यही चेतनाको पुनर्स्थापनामा आजको नेपालको वर्तमान र भोलिको भविष्य निर्भर छ ।

**साँचो प्रजातन्त्रः बी.पी.को राष्ट्रिय मेलमिलाप र पृथ्वीपथको संगम**

नेपाल आज केवल आर्थिक र शासकीय संकटको मात्र सामना गरिरहेको छैन । यो राष्ट्र स्वयं आफ्नो ऐतिहासिक दृष्टि र वैचारिक दिशाबोध गुमाएको गम्भीर संकटको डिलमा उभिएको छ । जब कुनै राष्ट्रले आफ्नो मार्गदर्शक दर्शन बिर्सन्छ तब राजनीति लक्ष्यहीन बन्छ र जनता निराशाको गर्तमा धकेलिन्छन् । यही दिशाहीनताको घडीमा इतिहासले हामीलाई दुई महान् वैचारिक धरोहर स्मरण गराइरहेको छ ती हुन्, बी.पी. कोइरालाको राष्ट्रिय मेलमिलापको मार्ग र पृथ्वीनारायण शाहको राष्ट्र निर्माणको गन्तव्य ।

युग फरक भए पनि यी दुई विचारको अन्तिम ध्येय एउटै हो; राष्ट्रको अस्तित्व, स्वाधीनता, आन्तरिक एकता, साझा समुन्नती र दीर्घकालीन स्थायित्व । स्मरण रहोस्, बी.पी. कोइरालाले मेलमिलापको आह्वान गर्दा कुनै राजनीतिक सौदाबाजी प्रस्ताव गरेका थिएनन् । उहाँले इतिहासको कठोर यथार्थ बुझेका थिए ।

निरन्तर वैचारिक टकरावले राष्ट्र कमजोर बनाउँछ भन्ने उनले बुझेका थिए । मेलमिलापले राष्ट्रलाई बाँच्छे शक्ति दिन्छ भन्ने आट र दृष्टि उहाँमा थियो । मेलमिलाप घुँडा टेक्नु होइन, राष्ट्रलाई सर्वोपरि राख्नु हो भन्ने गहिरो दार्शनिक सत्य आज बी.पी.को नाममा राजनीति गरेर जीविकोपार्जन गर्नेहरूले सम्झने कि बिर्सने भन्ने प्रश्नमै नेपाली कांग्रेसको मात्र होइन देशको भविष्य निर्भर छ ।

त्यसैगरी पृथ्वीनारायण शाहको "पृथ्वीपथ" केवल भौगोलिक एकीकरणको परियोजना वा राज्य विस्तारकोरुपमा मात्र बुझ्नु हुन्न । कम्तिमा राजनीति गर्छु भन्ने नयाँ-पुराना सबैले बरु त्यो त नेपाल भित्रका विविध जाति, भाषा, भूगोल र हितलाई एउटै राष्ट्रिय चेतनामा बाँध्ने ऐतिहासिक दृष्टिपथ थियो भनेर बुझ्नैपर्छ ।

तर आजको नियती के छ भने नेपाली कांग्रेसले बी.पी.को नाम उच्चारण गर्छ, तर उहाँको राष्ट्रिय मेलमिलापको आत्मालाई क्रमशः विस्मृत गर्दै विभाजन, निषेध र बिग्रह केन्द्रित राजनीतिमा फँसिरहेको छ ।

गुटमा विभक्त हुँदै विचारभन्दा पदलाई, राष्ट्रभन्दा आन्तरिक शक्ति-सन्तुलनलाई प्राथमिकता दिँदा कांग्रेस स्वयं दिशाहीन बन्दै गएको छ । यो यथार्थ हो । कस्तुरी आफैंभित्र हुन्छ, तर मृग मृगतृष्णाको पछि लाग्छ । आज कांग्रेसभित्रको सत्य पनि यस्तै कठोर छ ।

अब त भन्नैपर्छ; कांग्रेस र राजसंस्था वा व्यापक अर्थमा ऐतिहासिक राष्ट्रिय शक्तिहरुबीच न्यूनतम समझदारी नबनेसम्म नेपाल स्थायित्वको बाटोमा प्रवेश गर्न एक, दुई, तीन सक्दै-सक्दैन ।

त्यसै पनि नेपालको राजसंस्था विचार, व्यक्ति र वादभन्दा पर रहेको ऐतिहासिक राष्ट्रवादी यथार्थवाद हो । यो सत्यलाई स्वीकार गर्दा नेपालको हित नै हुन्छ । नेपालजस्तो भूराजनीतिक रूपमा संवेदनशील देशमा ऐतिहासिक शक्तिहरुबीच स्थायी द्वन्द्व राष्ट्रघाती विलासिता मात्र हो भन्ने कुरा अब सबैले बुझ्नैपर्छ । यदि जनता र राजाजस्ता इतिहासका दुई ठूला राष्ट्रिय आस्था र विश्वासका प्रतीक अब पनि मिल्न सकेनन् भने, देशलाई इन्द्रको बाऊ चन्द्र आए पनिबचाउन सक्दैन । किनकि राष्ट्र बाहिरी शक्तिले होइन, आन्तरिक एकताले बच्छ । राष्ट्र भाषणले होइन, साझा न्यूनतम सहमतिले बच्छ ।

राजनीतिक दर्शनको एउटा कठोर सत्य छ; इतिहास र वर्तमानबीच सेतु बने राष्ट्र टिक्छ; त्यो सेतु भत्किए राष्ट्र ढल्छ । आज नेपाल त्यो सेतु बन्ने कि भत्काउने भन्ने निर्णायक मोडमा उभिएको छ ।

समय अझै बाँकी छ । बाटो अझै खुला छ । प्रश्न केवल इच्छाशक्ति र सच्चा मनको हो ।

**निचोडः राष्ट्र निर्माणको आत्मा जोगाऔं**

अन्त्यमा, राष्ट्र निर्माण कुनै एक व्यक्तिको दूरदृष्टि, कुनै एक सरकारको कार्यकाल वा कुनै एक पुस्ताको परियोजना होइन । यो त समयसँगै बग्ने सभ्यतागत साझा जिम्मेवारी र उत्तरदायित्व हो । जसको संवाहक हरेक पुस्ता हो र जसको भार हरेक नागरिकको कर्ममा निहित हुनुपर्दछ ।

...बाँकी पृष्ठ ३ मा

# महेन्द्र माविमा ३६ वटा अभियान सञ्चालन गर्ने

समाज संवाददाता

हेटौँडा : पूर्वी मकवानपुरको बकैया गाउँपालिका-४, छतिवनमा रहेको महेन्द्र माध्यमिक विद्यालयले 'म शिक्षक, एक अभियन्ता र मेरो अभियान' कार्यक्रम अन्तर्गत विभिन्न ३६ वटा अभियान सञ्चालन गर्ने भएको छ । विद्यालयका प्रधानध्यापक खेम बिकका अनुसार विद्यालय प्रशासनले अभियान सञ्चालन कार्ययोजना सार्वजनिक गर्दै प्रत्येक शिक्षकलाई एक-एक अभियानको जिम्मेवारी प्रदान गरेको बताउनुभयो । अभियानको उद्घाटन फागुन ११ गते सोमबार बिहान प्रार्थना समयमा गरिने प्रधानाध्यापक बिकले बताउनुभयो । कार्यक्रम करिब एक वर्षसम्म संचालन हुनेछ ।

प्रधानध्यापक बिकका अनुसार अभियानको प्रस्तावनामा परिचय, रणनीति, उद्देश्य, समस्या, लक्षित समूह, सञ्चालन गरिने क्रियाकलाप, समिति तथा उपसमिति गठन, कार्यविभाजन, मूल्याङ्कन तालिका तथा प्रगति विवरणलगायतका विषय समेटिनेछन् । विद्यालयमा अध्ययन गराउने ३६ जना शिक्षक रहनुभएकाले ३६ वटा नै कार्यक्रम संचालन गर्न लागिएको प्रअ बिकले बताउनुभयो । सम्बन्धित शिक्षकहरूले तोकिएको ढाँचामा आफ्नो अभियान प्रस्ताव तयार गरी प्रशासनमा बुझाउनुपर्ने व्यवस्था गरिएको छ ।

कार्यक्रम अन्तर्गत अनुशासन तथा आचरण सुधार, सरसफाइ तथा स्वच्छ विद्यालय वातावरण, वृक्षरोपण तथा हरित विद्यालय, स्वास्थ्य सचेतना, अभिभावक सहभागिता, विद्यालय सम्पत्ति संरक्षण, गणित तथा विज्ञान शिक्षा सुधार, अंग्रेजी माध्यम सुधार, नैतिक शिक्षा, पुस्तकालय व्यवस्थापन, बालमैत्री वातावरण निर्माण, विद्यालय सडक सुरक्षा, प्लास्टिकमुक्त विद्यालय, प्राविधिक शिक्षा प्रवर्द्धनलगायत विविध विषयमा अभियान सञ्चालन गरिनेछ ।

विद्यालय प्रशासनले अभियानलाई प्रभावकारी बनाउन गहन अध्ययन र अनुसन्धान गर्न निर्देशन दिएको छ । प्रधानाध्यापकले शिक्षक समाजका अभियन्ता भएको उल्लेख गर्दै विद्यालयको शैक्षिक सुधार र समग्र विकासका लागि सबैको सक्रिय सहभागिता आवश्यक रहेको बताउनुभयो । अभियानको सफलताले विद्यालयको प्रतिष्ठा, गुणस्तर र उपलब्धिमा सकारात्मक प्रभाव पार्ने विश्वास रहेको उहाँको भनाई छ ।

# मुस्लिम धर्मावलम्बीको रमजान व्रत सुरु



*हेटौँडा-४, भैरवरोडस्थित जामे मस्जिदमा भेला भएका मुस्लिम धर्मावलम्बी ।*

समाज संवाददाता

हेटौँडा : मुस्लिम धर्मालम्बीहरूको महान चाड रमजान अर्थात १४४७ हिजरी रोजा बिहीबारदेखि सुरु भएको छ । एक महिनासम्म चल्ने यो पवित्र महिनामा मुस्लिम समुदायले व्रत (रोजा) बस्ने परम्परा रहेको छ । रोजा अवधि पूरा भएपछि मुस्लिमहरूको महान् पर्व ईद उल-फित्र मनाइन्छ ।

रोजाका क्रममा मुस्लिम धर्मावलम्बीहरूले बिहान ५ बजेर २० मिनेटअघि नै खानेकुरा (सेहरी) खाइसक्नु पर्ने हुन्छ । त्यसपछि दिनभरि केही नखाई र पानीसमेत नपिई व्रत बस्ने गरिन्छ । यदि भूलवश केही खाइएमा अल्लाहलाई सम्झी माफी मागेर रोजा निरन्तरता दिन सकिने धार्मिक मान्यता रहेको छ । यस अवधिमा दिनमा पाँच पटक नमाज पढ्ने (कलामपाक), सुन्ने र सुनाउने गरिन्छ ।

बेलुका घाम अस्ताएपछि गरिने नास्तालाई अफतारी भनिन्छ । हालको समयअनुसार साँझ करिब ६ बजेतिर अफतारी गरिने गरिएको छ । सकेसम्म रोजा बसेकाहरू मस्जिदमा भेला भई सामूहिक रूपमा अफतारी गर्ने चलन रहेको छ । हेटौँडा-४, भैरवरोडस्थित जामे मस्जिदमा पनि सामूहिक अफतारीको तयारी गरिएको छ । मस्जिदका अध्यक्ष हाजी तयसमिया अन्सारीका अनुसार गत वर्ष अफतारी कार्यक्रममा करिब ६ सय जना सहभागी भएका थिए भने यस वर्ष करिब ६ सय ५० जना सहभागी हुने अनुमान गरिएको छ । १० वर्ष माथिका व्यक्तिहरू सहभागी हुने व्यवस्था गरिएको जानकारी उहाँले दिनुभयो ।

फागुन ७ गतेबाट सुरु भएको र मजान चैत ७ गते समापन हुनेछ । एक महिनासम्म चल्ने यस पवित्र अवधिमा मुस्लिम समुदायले संयम, अनुशासन र धार्मिक आस्थाका साथ रोजा बस्ने गर्दछन् ।

# एमालेको घोषणापत्र सार्वजनिक

समाज संवाददाता

हेटौँडा : नेकपा एमालेले चुनावी घोषणापत्र सार्वजनिक गरेको छ । बिहिबार काठमाडौंमा आयोजित कार्यक्रममा अध्यक्ष केपी शर्मा ओलीले 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षा पूरा गर्न 'एमालेले बनाउँछ' भन्ने मूल नाराका साथ घोषणापत्र सार्वजनिक गर्नुभएको हो ।

घोषणापत्रमा आउँदो पाँच वर्षभित्र देशको अर्थतन्त्रको आकार एक सय खर्ब र १० वर्षमा दुई सय खर्ब पुऱ्याउने महत्वकांक्षी लक्ष्य समेटिएको छ । यस्तै पाँच वर्षभित्र नेपालीको प्रतिव्यक्ति आय तीन हजार अमेरिकी डलर पुऱ्याउने प्रतिबद्धता पनि घोषणापत्रमा छ । सरकार गठन लगत्तै शुरु गर्ने ११ वटा ग्यारेन्टीसहितका कार्यक्रम एमालेले अघि सारेको छ । जसअन्तर्गत १८ देखि २८ वर्षका युवालाई वार्षिक १० जीबी निःशुल्क डाटा, स्टार्टअपमा लाग्नेलाई १० हजार डलर बराबरको 'डलर कार्ड' र विद्यार्थीलाई २० लाखसम्मको निर्ब्याजी ऋण दिने योजना छ । न्यूनतम पारिश्रमिक मासिक २५ हजार पुऱ्याउने र वैदेशिक रोजगारीका श्रमिकलाई वार्षिक पाँच हजार बोनस दिने प्रतिबद्धता पनि घोषणापत्रमा छ । पूर्वाधारतर्फ एमालेले पूर्व-पश्चिम विद्युतीय रेलमार्ग, सुरुङ मार्ग र ठूला शहरमा मेट्रो तथा मोनोरेल सञ्चालन गर्ने प्रतिबद्धता दोहोऱ्याएको छ । राजनीतिक स्थिरता, सुशासन र असंलग्न परराष्ट्र नीतिलाई मुख्य प्राथमिकतामा र ाखिएको घोषणापत्रमा उल्लेख छ ।

नयाँ रेस्टुरेन्ट खोल्दै हुनुहुन्छ ? यो सुनौलो अवसर नछुटाउनुहोस् !

✔ चलिरहेको रेस्टुरेन्टका सम्पूर्ण सामानहरू अत्यन्तै सस्तो मूल्यमा बिक्रीमा उपलब्ध छन् ।

✔ भान्सा सामग्री, फर्निचर तथा रेस्टुरेन्ट सञ्चालनका लागि आवश्यक सबै सामानहरू एकै ठाउँमा ।

✔ नयाँ रेस्टुरेन्ट सुरु गर्ने वा अपग्रेड गर्नेहरूका लागि उत्तम मौका ।



सम्पर्क: ९८५१०२४८६८

हेटौँडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौँडा रिफरेन्स ल्यावरोटरी

हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# रास्वपाको वाचापत्र सार्वजनिक

समाज संवाददाता

हेटौँडा : राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रतिनिधि सभा चुनावको वाचापत्र सार्वजनिक गरेको छ । घोषणापत्रलाई वाचापत्र नाम दिएको रास्वपाले कर्णाली प्रदेशको राजधानी सुर्खेतमा विशेष कार्यक्रमका बीच बिहिबार सार्वजनिक गरेको हो ।

सय बुँदे बाचापत्रमा सुशासन, पारदर्शिता, रोजगारी, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार विकास प्राथमिकतामा छन् । रास्वपाले भ्रष्टाचार नियन्त्रण, सरकारी सेवामा डिजिटल प्रणालीको विस्तार, युवालाई उद्यमशीलतामा प्रोत्साहन, स्थानीय उत्पादनको बजारीकरण र कर्णालीमा विशेष पूर्वाधार कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता जनाएको छ ।

रास्वपाले एक पटकको नेपाली, सधैंको नेपाली भन्ने भावनात्मक सम्बन्धलाई कदर गर्दै केही विशिष्ट अपवादबाहेक सिद्धान्ततः दोहोरो नागरिकताको पक्षमा उभिँदै गैरआवासीय नेपालीको सम्पत्तिको अधिकारमा रहेका प्रशासनिक झन्झटहरुलाई तत्काल अन्त्य गर्ने उल्लेख गरेको छ । रास्वपा सभापति रवि लामिछाने, वरिष्ठ नेता बालेन्द्र शाहलगायत नेताहरूले वाचापत्र सार्वजनिक गरेका हुन् ।

# भोजसिद्ध माविको स्वर्ण महोत्सव सुरु




समाज संवाददाता

हेटौँडा : मनहरी गाउँपालिका-५ स्थित भोजसिद्ध माध्यमिक विद्यालयको स्वर्ण महोत्सव सुरु भएको छ । बिहिबार बागमती प्रदेश सरकारका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले महोत्सवको उद्घाटन गर्नुभयो ।

विद्यालयले विविध शैक्षिक, खेलकुद तथा साँस्कृतिक कार्यक्रमसहित शनिबारसम्म स्वर्ण जयन्ती मनाउने छ । बिहिबार महोत्सव उद्घाटनको अवसरमा शिक्षक भलिबल प्रतियोगिता, स्वर्ण जयन्ती स्तम्भ अनावरण र अभिभावक घ्याम्पो फुटाई प्रतियोगिता लगायत कार्यक्रम भएको छ । आज शुक्रबार विद्यालय परिसरमा रक्तदान तथा स्वास्थ्य शिविर, छात्र भलिबल प्रतियोगिता र माध्यमिक तहस्तरीय वक्तृत्वकला प्रतियोगिता हुनेछ । यसैगरी शनिबार स्मारिका सार्वजनिक, पुरस्कार वितरण तथा सम्मान कार्यक्रम र साँस्कृतिक कार्यक्रमहरु हुनेछ ।

## राष्ट्र, चेतना...

सर्वप्रथम, राष्ट्रप्रतिको उत्तरदायित्व कानुनी दायित्वभन्दा पहिले नैतिक दायित्व हो भन्ने बुझौं । विखण्डनको राजनीतिभन्दा माथि उठेर, विभाजनकारी चेतनाभन्दा पर गएर, दरिलो, दिगो र समावेशी राष्ट्रिय एकतासहितको प्रजातान्त्रिक राज्य व्यवहार पुनःस्थापना गर्नु आज हामी सबै नेपालीको साझा अभिभारा हो भन्नेचेत राखौं ।

राष्ट्र दुर्बल हुँदा केवल व्यवस्था विफल हुँदैन; भाषा, संस्कृति, स्वाभिमान र भविष्यको सामूहिक प्रतिज्ञा नै क्षीण हुन थाल्छ । व्यवस्था फेरिनसक्छ, संविधान संशोधित हुनसक्छ, तर अस्तित्व एकपटक क्षतिग्रस्त भयो भने त्यसको पुनर्निर्माण इतिहासकै कठोरतम साधना बन्छ । त्यसैले राष्ट्रबोध कुनै बिम्ब होइन; त्यो सभ्यताको आत्मसंरक्षणात्मक विवेक हो ।

राजनीतिक बहसहरू अस्थायी हुनसक्छन् तर अस्तित्वको प्रश्न स्थायी हुन्छ । यही स्थायित्वको चेतनाबाट यो सन्देशलाई पढ्न सके मात्र हामी समयप्रति इमानदार ठहरिनेछौं । नेपालको भोलि सुरक्षित राख्न यो अपरिहार्य छ ।

यस्तो विषम परिवेशमा यो राष्ट्रको आत्मा जोगाउने अन्तिम विकल्पमात्र होइन, भावी पुस्तालाई स्वाधीन भविष्य हस्तान्तरण गर्ने साझा संकल्प पनि हो । यसका लागि राष्ट्रिय जीवनका सबै पक्ष, पात्र र चरित्रमा आमुल पुनर्जागरण आवश्यक छ ।

तर, त्यो पुनर्जागरणमा विनाश होइन विवेकले, उन्माद होइन उत्तरदायित्वले र आयातित भ्रम होइन, स्वदेशी आत्मबोधले राष्ट्रको दिशा तय हुनुपर्छ । अब विलम्बको कुनै औचित्य छैन । समय स्वयंले हामीलाई आह्वान गरिरहेको छ । बुझौं, गम्भीर भएर सबैले आ-आफ्नो धरातलमा उभिएर इम्मनदारीका साथ आत्मसमीक्षा गरौं र राष्ट्र निर्माणमा जुटौं । प्रजातन्त्र दिवसको शुभकामना यही छः राष्ट्र सुदृढ रहोस्, चेतना जागृत रहोस्, अस्तित्व अक्षुण्ण रहोस् । *(स्रोत: अनलाईनखबर)*



# बुधबार २ जनाको मृत्यु, १ जनाको शव भेटियो

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशको ३ जिल्लामा विभिन्न घटनामा एकैदिन २ जनाको मृत्यु भएको छ भने एकजनाको शव भेटिएको छ। प्रदेशको सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक जिल्लामा दुर्घटनामा परी २ जनाको मृत्यु भएको हो भने रामेछापमा एक जनाको शव भेटिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

काभ्रेको बनेपा नगरपालिका-७, चाँदनीचोकमा ट्रिपरको ठक्करबाट स्कुटर चालकको मृत्यु भएको छ। बुधबार बिहान ८ बजेर १५ मिनेटको समयमा बा प्र ०२-०६३ प ९१८९ नम्बरको स्कुटरलाई सोही दिशाबाट आउँदै गरेको बा प्र ०१-००४ क ३४२३ नम्बरको ट्रिपरले ठक्कर दिएको प्रहरीले जानकारी दिएको छ। ठक्करबाट स्कुटर चालक धुलिखेल नगरपालिका-५, खड्पुका ३२ वर्षीय ओमन प्रधान गम्भीर घाइते भएका थिए। घाइते प्रधानलाई उपचारका लागि शिर मेमोरियल अस्पताल बनेपा लगिएकोमा बिहान ८ बजेर ५० मिनेटको समयमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ। ट्रिपर चालक सिन्धुपाल्चोक जिल्लाको इन्द्रावती गाउँपालिका-६ का ३२ वर्षीय दीपक रोक्का जिल्ला प्रहरी कार्यालय काभ्रेको नियन्त्रणमा रहेका छन्। घटनापछि स्थानीयले सडक अवरुद्ध गरेका थिए। उनिहरुले ढुंगा-मुढा गर्दै ट्रिपरमा आगजनीसमेत गरेका थिए। स्थिति नियन्त्रणमा लिन प्रहरीले १२ राउण्ड अश्रुग्यास प्रहार गरी भीडलाई तितरबितर पारेको थियो। आगजनी तथा तोडफोडमा संलग्न रहेको आरोपमा प्रहरीले पाँच जनालाई नियन्त्रणमा लिएको छ।

रामेछाप जिल्लाको रामेछाप नगरपालिका-९, मरिनघाटस्थित सुनकोशी नदी किनारमा बस दुर्घटनापछि बेपत्ता भएका एक बालक मृत अवस्थामा फेला परेका छन्। गत माघ २७ गते मन्थली नगरपालिका-६ बेनिघाट पुल नजिक पुष्पलाल (मन्थली-खुर्कोट) सडक खण्डमा काठमाडौंबाट रामेछापको सिरिसे ढाँडे हुँदै ओखलढुङ्गातर्फ जाँदै गरेको प्र ३-०१-००५ ख ९९७५ नम्बरको बस दुर्घटना हुँदा लिखुतामाकोशी गाउँपालिका-७ तिल्पुङ बस्ने ८ वर्षीय रोनिश (रोणी) योन्जन हराइरहेका थिए। बालकलाई खोजतलासका लागि प्रहरी चौकी रामेछापडाँडाबाट प्रहरी सहायक निरीक्षक नन्दलाल साहको कमाण्डमा दुई जना प्रहरी टोली र स्थानीय बासिन्दाको संयुक्त टोली परिचालन गरिएको थियो। खोजतलास गर्दै जाँदा बुधबार बिहान ४ बजेर ३० मिनेटको समयमा सुनकोशी नदी किनारमा पानीमा तैरिरहेको अवस्थामा बालकको शव फेला परेको प्रहरीले जनाएको छ।

सिन्धुपाल्चोक जिल्लाको इन्द्रावती गाउँपालिका-९ छाँपडाँडास्थित चौतारा-नवलपुर सडक खण्डमा मोटरसाइकलको ठक्करबाट एक वृद्धाको मृत्यु भएको छ। बुधबार राती ८ बजेको समयमा ऐँसेलुखर्कबाट छापडाँडातर्फ जाँदै गरेको बा प्र २६ प १६७३ नम्बरको मोटरसाइकलले सोही स्थानकी ७२ वर्षीया बुद्धिमाया तामाङलाई ठक्कर दिएको प्रहरीले जनाएको छ। दुर्घटनामा गम्भीर घाइते भएकी तामाङलाई उपचारका लागि चौतारा अस्पताल लगिएको थियो। उपचारको क्रममा राती ९ बजेर १७ मिनेटको समयमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ। मोटरसाइकल चालक मेलम्ची नगरपालिका-६ बस्ने १९ वर्षीय नेत्रबहादुर बस्नेतलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

# प्रजातन्त्र दिवसमा विविध कार्यक्रम



*प्रजातन्त्र दिवस मूल समारोहमा झाँकी नाच प्रस्तुत गर्दै।*

समाज संवाददाता

हेटौंडा : प्रजातन्त्र दिवस विविध कार्यक्रमको आयोजना गरी बिहिबार सम्पन्न भएको छ। राष्ट्रिय प्रजातन्त्र दिवस २०८२ मूल समारोह समिति बागमती प्रदेशको आयोजनामा विविध कार्यक्रम गरी प्रजातन्त्र दिवस मनाइएको हो। बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाको प्रमुख आतिथ्य तथा मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको अध्यक्षतामा प्रजातन्त्र दिवस मूल समारोह भएको हो।

प्रजातन्त्र दिवस समारोहमा नेवार जातिको धिमे बाजा समूह, तामाङ जातिको झाँकी नाच प्रदर्शन गरिएको थियो। आन्तरिक मामिला तथा कानून मन्त्रालयको व्यवस्थापनमा भएको कार्यक्रममा विभिन्न मन्त्रालयका मन्त्री, सचिव, सेना, नेपाल प्रहरी लगायतको उपस्थिति रहेको थियो।

## रेडियो थाहा सञ्चारको वार्षिकोत्सव

# बस्नेतलाई थाहा वर्ष व्यक्ति सम्मान



*सहकारी अभियन्ता रामबहादुर बस्नेतलाई थाहा वर्ष सम्मान-२०८२ प्रदान गरिँदै।*

समाज संवाददाता

हेटौंडा : हेटौंडाबाट प्रसारण भइरहेको विन्दावासिनी मिडिया प्रालिद्वारा सञ्चालित रेडियो थाहा सञ्चार ९९.६ मेगाहर्ज हेटौंडाले १८औं वार्षिकोत्सव मनाएको छ। रेडियोले सप्याहव्यापी कार्यक्रमको आयोजना गरी वार्षिकोत्सव मनाएको हो।

सप्ताहव्यापी कार्यक्रमको अन्तिम दिन बिहिबार सहकारी अभियन्ता रामबहादुर बस्नेतलाई थाहा वर्ष सम्मान-२०८२ बाट सम्मान गरिएको छ। रेडियोका सञ्चालक अरुणराज सुमार्गीले बस्नेतलाई दोसल्ला ओढाएर सम्मान गर्नुभयो। बस्नेत हेटौंडा-८ स्थित सर्वोत्तम सञ्चिती बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष हुनुहुन्छ। सम्मान ग्रहणपछि बस्नेतले आफ्नो कामको मूल्यांकन गरेर सम्मान गरेकोप्रति आभार व्यक्त गर्नुभयो।

कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका अध्यक्ष कृष्ण सारु मगरको पनि आतिथ्य रहेको थियो। कार्यक्रममा रेडियोका विज्ञापनदातालाई मायाको चिनो प्रदान गरिएको थियो। रेडियोले सप्ताहव्यापी कार्यक्रम अन्तर्गत पहिलो दिन फागुन १ गते हेटौंडा-१ स्थित नेपाल फलफूल तथा तरकारी बजारमा सरसफाई गरेको थियो। फागुन २ गते हेटौंडा-४ हुप्रचौरमा पत्रकार महिला र अधिकारकर्मी महिलाहरुबीच मैत्रीपूर्ण फुटबल प्रतियोगिता, फागुन ३ गते थाहा दर्शन कार्यक्रम, फागुन ४ गते मकवानवपुरगढी गाउँपालिका वडा नम्बर ५ मा रहेको सरस्वती प्राथमिक विद्यालयका विद्यार्थीलाई शैक्षिक तथा स्वास्थ्य र आयोडिनयुक्त नुन वितरण गरिएको थियो भने फागुन ६ गते हेटौंडा ऐकेडेमीको सहकार्यमा बाल साहित्य कार्यक्रमको आयोजना गरेको थियो।

# शिक्षक भलिबलको सेमिफाइनल समीकरण पूरा

समाज संवाददाता

हेटौंडा : मकवानपुरको उत्तरी क्षेत्र थाहा नगरपालिकामा जारी पालिकास्तरीय दोस्रो रनिङशिल्ड शिक्षक भलिबल प्रतियोगिताको सेमीफाइनल समीकरण पूरा भएको छ। बुधबारबाट सुरु भएको प्रतियोगिताको बिहिबार क्वार्टरफाइनल खेल सकिएसँगै सेमीफाइनल खेल्ने चार वटा टोलीको टुङ्गो लागेको हो।

शुक्रबार हुने प्रतियोगिताको पहिलो सेमिफाइनल खेलमा मत्स्यनारायण माध्यमिक विद्यालय र सुन्दरीदेवी माध्यमिक विद्यालय भिड्ने छ। मत्स्यनारायण माविले सुनौला माध्यमिक विद्यालयलाई र सुन्दरीदेवी माविले जनकल्याण माध्यमिक विद्यालयलाई पराजित गरे सेमिफाइनलमा प्रवेश गरेको हो। यसैगरी दोस्रो सेमिफाइनल खेलमा नाटेश्वर माध्यमिक विद्यालयले स्वच्छन्द भैरव माध्यमिक विद्यालयको सामना गर्नेछ। बिहिबार नै भएको क्वार्टर फाइनलमा नाटेश्वर माविले कालीदेवी माध्यमिक विद्यालयलाई र स्वच्छन्द भैरव माविले सरस्वती माध्यमिक विद्यालयलाई हराएर सेमिफाइनलमा प्रवेश गरेको हो।

नेपाल राष्ट्रिय शिक्षक संगठन थाहा नगर समितिको आयोजनामा भएको प्रतियोगिता थाहा-३ स्थित जनकल्याण माविको मैदानमा हुँदैछ। प्रतियोगिताको उपाधि विजेताले २५ हजार रुपैयाँ र उपविजेताले १५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन्। प्रतियोगिताको सेमीफाइनलमा प्रवेश गरेका अन्य दुई टोलीले ५/५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन्। यसैगरी व्यक्तिगत विधागत उत्कृष्ट खेलाडीको लागि पनि ट्रफीको व्यवस्था गरिएको आयोजकले जनाएको छ।

# जिल्लास्तरीय विज्ञान हाजिरीजवाफ प्रतियोगिता हुने

समाज संवाददाता

हेटौंडा : विज्ञान शिक्षक समाज मकवानपुरको आयोजनामा जिल्लास्तरीय विज्ञान हाजिरीजवाफ प्रतियोगिता आयोजना हुने भएको छ। हेटौंडा-१० नम्बर वडा कार्यालयको सहकार्यमा फागुन १६ गते प्रतियोगिता हुने आयोजकले जनाएको छ।

एसईई दिने विद्यार्थीलाई लक्षित गरी प्रतियोगिता आयोजना गर्न लागिएको हो। प्रतियोगितामा एउटा विद्यालयबाट कक्षा १० मा अध्ययनरत दुई जना विद्यार्थी सहभागी हुन पाउने छन्। सहभागी टोलीहरू मध्ये पहिलो चरणमा उत्कृष्ट ८ वटा समूह छनोट गरिनेछ। हेटौंडा उपमहानगरपालिका र अन्य ९ वटा पालिकाबाट छुट्टाछुट्टै समूहहरू छनोट गरिने छ। प्रतियोगितामा विज्ञान विषयको एसईई परीक्षामा सहयोग पुग्ने गरी प्रश्नहरु सोधिने आयोजकले जनाएको छ। प्रतियोगितामा प्रथम हुनेले ५ हजार, द्वितीय हुनेले ३ हजार र तृतीय हुनेले २ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन्। साथै छनोट चरणमा सफल अन्य समूहलाई प्रतिसमूह १ हजार रुपैयाँ र प्रमाणपत्र प्रदान गरिनेछ। इच्छुक विद्यालयले फागुन १३ गते बेलुका ५ बजेसम्म समूह दर्ता गराउन पाउने छ। प्रतियोगिता हेटौंडा-२, स्थित बालजागृति इङ्गलिस सेकेण्डरी स्कुलमा सञ्चालन हुनेछ।

# पुरस्कार वितरण कार्यक्रम स्थगित

समाज संवाददाता

हेटौंडा : तेस्रो वडा खेलकुद महोत्सवको पुरस्कार वितरण कार्यक्रम स्थगित भएको छ। हेटौंडा-४ वडा कार्यालयको आयोजना तथा वडा शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापनमा सञ्चालित महोत्सवको पुरस्कार वितरण कार्यक्रम विशेष कारणले स्थगित गरिएको बताइएको छ।

गत पुस १० गतेदेखि विभिन्न खेलकुद प्रतियोगिताहरु आयोजना गर्दै महोत्सव सुरुवात भएको थियो। प्रतियोगिताका विजेताहरुलाई बिहिबार विशेष समारोहका बीच पुरस्कार वितरण गर्ने कार्यतालिका रहेको थियो। तर, केही विशेष कारणले गर्दा पूर्वनिर्धारित कार्यक्रम स्थगित गर्नुपरेको खेलकुद संयोजक राजाराम पोखरेलले जानकारी दिनुभयो। संयोजक पोखरेलका अनुसार स्थगित भएको पुरस्कार वितरण कार्यक्रम आगामी दिनमा उपयुक्त समय मिलाएर आयोजना गरिनेछ। खेलकुद महोत्सव अन्तर्गत वादविवाद, हाजिरीजवाफ, नेपाली हिज्जे, कविता लेखन जस्ता बौद्धिक प्रतियोगिताका साथै फुटबल, क्रिकेट, शिक्षक दौड, शिक्षक भलिबल र एथ्लेटिक्स विधाका खेलहरु सम्पन्न भइसकेका छन्।

# हेटौंडामा आजदेखि राष्ट्रपति रनिङशिल्ड



*नगरस्तरीय राष्ट्रपति रनिङशिल्ड।*

समाज संवाददाता

हेटौंडा : हेटौंडा उपमहानगरपालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता आज शुक्रबारदेखि सुरु हुँदैछ। हेटौंडा उपमहानगरपालिकाको आयोजना तथा हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको व्यवस्थापन प्रतियोगिता हुँदैछ।

प्रतियोगिताको उद्घाटन सामारोह नगरप्रमुख मिना कुमारी लामाको प्रमुख आतिथ्यमा हेटौंडा-४ स्थित हुप्रचौरमा हुनेछ। राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता अन्तर्गत उसु, कराँते, तेक्वान्दो, भलिबल, कबड्डी र एथ्लेटिक्स विधाका खेलहरु हुनेछन्। मार्चपासमा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः ७ हजार, ५ हजार र ३ हजार रुपैयाँ पुरस्कार पाउनेछन्। प्रतियोगिताका विजेता खेलाडीहरुले सोमबारदेखि हुने जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा सहभागी हुने पाउने छन्।

## बुधबारे बालसाहित्य

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं। आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं।**

**सम्पादक**

## निर्वाचनको समयमा कर्मचारीले पालना गर्नुपर्ने आचरण

- कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै कार्य गर्नु/गराउनु, प्रचारप्रसारमा संलग्न हुनु वा प्रचारप्रसार गर्नु हुँदैन।
- कुनै राजनीतिक दल वा उम्मेदवारलाई कार्यालय वा आफ्नो भवन, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिनु हुँदैन।
- निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने विषयमा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स एआई) को प्रयोग गरी वा नगरी सामाजिक संजालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सनलगायतका कार्य गर्नु/गराउनु हुँदैन।
- निर्वाचन प्रयोजनका लागि सम्प्रेषण गर्नुपर्ने सूचनाबाहेक अन्य कुनै प्रकारका आफूलाई प्राप्त जानकारी कुनै राजनीतिक दल वा उम्मेदवार वा अनधिकृत व्यक्तिलाई दिनु हुँदैन।
- निर्वाचन सम्बन्धी कार्य गर्दा कसैको पक्ष वा विपक्ष लिनु हुँदैन।

नेपाल सरकार

**विज्ञापन बोर्ड**




सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ